कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ नं. प्रदेश नेपाल

**शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना**
**दोस्रो पटक प्रकाशित मिति २०७५।३।२६**

यस कार्यालयको आ.व. २०७५/७६को लागि यस गाउँपालिकाबाट लगाईने तपसिल वमोजिमको कार्य ठेक्कापट्टाको माध्यमबाट गराउने भएको हुँदा देहायका शर्तहरुका अधिनमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू:**

१. कर असुली सम्बन्धि दररेट हरूको विवरण तथा कर संकलन सम्बन्धि थप शर्तहरू दरभाउपत्र साथ उपलव्ध गराईनेछ । साथ दररेट सम्बन्धि विवरण र ठेक्का सम्बन्धि थप जानकारी यस कार्यालयको राजस्व शाखामा कार्यालय समय भित्र सम्पर्क राखि जानकारी लिन सकिनेछ ।

२. खरिद भएको दरभाउपत्र दाताले प्रत्येक पानामा सहिछाप गरी शिलबन्दी गरी खाम बाहिरको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखि रू. १०।- को टिकट टाँस गरी तपसिल मै उल्लेख भए वमोजिम दरभाउपत्र दर्ता गर्ने अन्तिम तोकिएको समय भित्र यस कार्यालयमा छुट्टाछुट्टै दर्ता गराई सक्नु पर्नेछ । कार्यालयबाट जुनफर्मको नाममा खरिद दरभाउपत्र गरिएको हो, सोही फर्मको नामबाट मात्र दरभाउपत्र शिलबन्दी दर्ता गर्नुपर्ने छ । उल्लेखित समय भित्र प्राप्त शिलबन्दी दरभाउपत्र सोही दिन दिनको २:००वजे दरभाउपत्र दाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीको रोहवरमा यसै कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । माथि उल्लेखित दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजानिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिन र सोही समय कायम हुनेछ ।

३. शिलबन्दी दरभाउपत्र फारम साथ चालु आ.व. को लागि नविकरण गरेको फर्म इजाजत, स्थायी लेखा तथा मु.अ. कर र आ.व. ०७३/७४को आय कर चुक्ता प्रमाण पत्र समेत दरभाउपत्र फारम खरिद गरी समयमा नै पेश गर्नुपर्नेछ । धरौटी वापत कबोल अंकको नेपाली नागरिक वा फर्म भए ५(पांच) प्रतिशत र विदेशी नागरिक भए १०(दश) प्रतिशत रकम यस गाउँपालिकाको राष्ट्रिय वाणिज्य वैंक, इनरूवा शाखामा रहेको धरौटी खाता नं. २२२०३०३००७०७ मा नगद जम्मा गरी सोको दोश्रो प्रति सक्कलै भौचर वा मान्यता प्राप्त बैक द्धारा यस कोशी गाउंपालिकाको कार्यालय,लौकहीको नाममा जारी गरिएको दरभाउपत्र बुझाउने अन्तिमदिन बाट कम्तिमा १८० (एक सय अस्सी) दिनसम्म म्याद रहने सोही रकम बमोजिमको बैक ग्यारेन्टीको सक्कलै प्रमाण पेश गर्नु पर्नेछ ।

४. कबोल गरेको अंकलाई बराबर ३ (तिन) किस्ता कायम गरिनेछ। पहिलो किस्ता ५० प्रतिशत, दोश्रो किस्ता ३० प्रतिशत र तेश्रो तथा अन्तिम किस्ता २० प्रतिशत गरी विभाजन गरिनेछ । पहिलो किस्ता सम्झौता गर्दा नै अनिवार्य रूपमा बुझाउन पर्नेछ त्यसैगरी दोश्रो किस्ता फागुन मसान्त भित्र र तेश्रो तथा अन्तिम किस्ता जेष्ठ मसान्त भित्र बुझाउन पर्नेछ । साथै दोश्रो र तेश्रो किस्ता वरावरको रकमको हकमा २०७६ असाढ मसान्त सम्म अवधि रहेको बैक ग्यारेण्टी सम्झौता गर्दाको बखत नै पेश गर्नु पर्नेछ । एकमूष्ट रकम बुझाउन चाहनेले मूल्य अभिबृद्धि करको रकम सहित एकमुष्ठ रकम बूझाउदा कवोल अंकमा मु.अ. करको रकम कटाई बांकी रकममा १० प्रतिशतले हुनआउने रकम छुट दिइनेछ ।

५. दरभाउपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको ७ (सात) दिन भित्र सम्झौता गरी सक्नु पर्नेछ । उक्त अवधि भित्र सम्झौता गर्न नआएमा नियामानुसार कारवाही अगाडी बढाईने छ ।

६. ठेक्का कबोल अंक गर्ने ठेकेदारले कोशी गाउंपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिदहरू ठेकेदारले आफ्नो तर्फवाट छपाई गरी सो रसिदहरू यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित तथा अभिलेख गराई मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो सावित भएमा नियमानुसार कारवाही गरिने छ ।

७. धरौटी वापत जम्मा गरिएको रकम किस्ता वा एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइने छैन ।

८. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नु पर्ने आय कर मु.अ. कर लगायतका कर दस्तुर आदि सम्पूर्ण बुझाउने जिम्मेवारी यस गाउँपालिकाको हुनेछ ।

९. यस कार्यालयबाट भएको सम्झौतावा नेपाल सरकारको हितविपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिने छ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा हुने थप व्ययभार वा क्षति ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

१०. यस सूचनामा उल्लेख भए बाहेकका कुराहरूको हकमा प्रचालित ऐन कानून बमोजिम हुनेछ ।

११. कोशी गाउंपालिकाको कार्यालयको सिफारिस गरी पठाएमा निशुल्क बालुवा वा भरौट सम्बन्धित ठेकेदारले उपलब्ध गराउनु पर्नेछ । यसरी उपलब्ध गराएको सामग्रीको हुने रकम ठेकेदारले मिनाहाको लागी दाबी गर्न पाउने छैन । साथै कोशी गाउँपालिका क्षेत्रभित्र ढुवानी हुने भरौट, वालुवामा विक्रि कर संकलन गर्न पाइने छैन ।

१२. बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरूवाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिइने छैन ।

१३. यस ठेक्काको न्युनतम ठेक्का अंक ठेक्का स्वीकृत तथा सम्झौता भएको मिति देखि २०७६ आषाढ मसान्त सम्मका लागी हुने गरि कायम गरिएको छ ।

१४. उक्त दरभाउपत्र फारम वापत कबोल गरेको अंक वापतको रकम यस कार्यालयलाई बुझाउंदा चेकबाट कारोवार गर्न पाईने छैन ।

१५. कर संकलन कार्य गर्दा कुनै व्यवधानवा समस्या परेमा दुई पक्ष बीच आपसी छलफल द्धारा समाधान गरिनेछ । त्यस्तो छलफलवाट सहमति हुन नसकेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र सो मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१६. यो दरभाउपत्र फारम बमोजिम पर्ने आएका कुनै वा सवै दरभाउपत्र फारम कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**दरभाउपत्र फारमको विवरण :**

| ठे. नं. | कामको विवरण | शिलबन्दी दरभाउपत्र दर्ता गर्ने समय | दरभाउपत्र खरिद दस्तुर | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | न्यूनतम ठेक्काअंक ( मु.अ.कर सहित) | दरभाउपत्रको जमानत रु |
|---|---|---|---|---|---|---|
| ३।०७४।०७५ | लौकही मंगलबारे-शुकवारे हटिया कर संकलन । | २०७५।०४।०१ गते दिनको १२:०० बजे सम्म । | रु. ५००।- | २०७५।०३।३२ कार्यालय समय भित्र(५)बजे सम्म | रु. ६५२०००।- | रु. ३२,६००।- |

प्रमुख प्रशासकिय अधिकृत